# डा. डिल्लीरमण रेग्मी

(बालोपयोगी जीवनी)



डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालय विकास समिति

# डा. डिल्लीरमण रेग्मी

(बालोपयोगी जीवनी)



लेखनः सुशीला प्रधानाङ्ग
सम्पादन तथा परिमार्जनः प्रा. डा. ध्रुवकुमार घिमिरे

**डा. डिल्लीरमण रेग्मी** (बालोपयोगी जीवनी)

लेखन : सुशीला प्रधानाङ्ग
सम्पादन : प्रा.डा. ध्रुवकुमार घिमिरे
संयोजन : नेपाल बालसाहित्य समाज
प्रकाशन : डिल्ली-रमण कल्याणी रेग्मी स्मारक पुस्तकालय
सर्वाधिकार© : प्रकाशकमा
मिति : २०७९
ISBN : ९७८-९९३७-८३९७-४-७
मुद्रण : क्रिएटिभ लिङ्क प्रा.लि.
बागबजार, काठमाडौं
फोटो साभार : डिल्लीरमण पुस्तकालय तथा गुगल

# प्रकाशकीय

वरिष्ठ राजनीतिज्ञ डा. डिल्लीरमण रेग्मीले नेपाल राष्ट्रलाई धेरै कुरा दिएर गए । राजनीतिमा लागेर नेपाल राष्ट्रलाई जहानियाँ शासनबाट मुक्त गर्नुमा होस्, मन्त्री भएर देश विकास गर्नुमा होस् वा पञ्चायत व्यवस्थाको अन्त्य गर्नुमा होस्, उनको योगदान नेपालीले कहिले बिर्सने छैन ।

इतिहासकारको रूपमा डा. रेग्मीको योगदान अझ अब्बल छ । उनले नेपालको प्राचीनकालदेखि आधुनिककालसम्मको इतिहास अंग्रेजी भाषामा लेखेर नेपाल र नेपालीलाई विश्वमा चिनाउने काम गरेका छन् ।

त्यस्तै गरी डा. रेग्मी समाजसेवी र दानवीरको रूपमा पनि स्थापित छन् । उनले आर्जन गरेका चल अचल सम्पत्ति आफ्ना छोराछोरीहरूलाई पनि नदिई राष्ट्रको नाममा समर्पण गरी त्यागको उदाहरण प्रस्तुत गरेका छन् । उनले स्थापना गरेका पुस्तकालय तथा सङ्ग्रहालय नेपाल तथा विदेशीहरूको अध्ययन तथा अनुसन्धान गर्ने थलोको रूपमा रहको छ ।

यस्ता बहुआयामिक व्यक्तित्वबारे बालबालिकाले पनि थाहा पाऊन् भन्ने पवित्र उद्देश्य लिएर डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालयले *डा. डिल्लीरमण रेग्मी* शीर्षकको यो बालोपयोगी जीवनी प्रकाशनमा ल्याएको छ । निश्चय पनि यस पुस्तकबाट नेपालका बालबालिकाहरूले डा. रेग्मीबारे धेरथोर जान्ने मौका पाउने छन् भन्ने विश्वास लिइएको छ । प्रस्तुत पुस्तकलाई यस अवस्थासम्म ल्याउन सहयोग गर्नुहुने सबैप्रति पुस्तकालय परिवार धन्यवाद ज्ञापन गर्दछ ।



माथिका फोटाहरूका बिचमा रहेको मानिसको नाम के होला ? यी फोटाहरू ककसका होलान् ? यिनका बारेमा केही कुरा थाहा छ ?

सङ्केत (क्ल्यु) चाहियो ?

बिचमा फोटो भएका मानिस नेपालका विश्वप्रसिद्ध विद्वान्मध्ये एक हुन् ।

यिनी महाविद्यावारिधि उपाधि प्राप्त गर्ने अर्थात् डी.लिट्. गर्ने पहिलो नेपाली हुन् ।

यिनी र यिनकी श्रीमतीको नाममा काठमाडौँको लाजिम्पाटमा एउटा पुस्तकालय पनि छ ।
अब त चिन्नुभयो नि !

# जन्म, बाल्यकाल र शिक्षा

हो, यिनको नाम डिल्लीरमण रेग्मी हो । यिनको घर लाजिम्पाटमा भए तापनि यिनी यहाँ जन्मेका भने थिएनन् नि । यिनी त काटमाडौंको केलटोल भन्ने ठाउँमा जन्मेका थिए । यिनको जन्म १९७० साल पुस ३ गते भएको थियो । इस्वी सन् अनुसार यो दिन १७ डिसेम्बर १९१३ हुन आउँछ । यिनकी आमाको नाम मुक्ति देवी हो । यिनका बुबाको नाम रोहिणीरमण रेग्मी हो । यिनी आफ्ना मातापिताका एक मात्र सन्तान थिए ।

## बालापन

भनिन्छ, 'अरूको लाख, आमाको काख' । अर्थात् अरूले लाखै माया गरेतापनि त्यो आमाको न्यानो काख बराबरको हुँदैन । त्यसमा पनि बालापनमा नै आमाको ममताविना हुर्कनु जस्तो दुःख शिशुका लागि के हुन सक्ला र ! हो, यस्तै पीडा बोकेर हुर्कन बाध्य भए बालक डिल्लीरमण । उनी पाँच वर्षका हुँदा उनकी आमाको मृत्यु भयो । त्यसैले उनले जीवनभरि आफ्नै आमाको न्यानो माया पाउन सकेनन् । उनका बुबा जागिरे हुनुहुन्थ्यो । बुबालाई जागिरको क्रममा काठमाडौंभन्दा बाहिर गइरहनुपर्थ्यो । यसरी यिनले मातापिता दुवैको माया नपाएरै आफ्नो बालापन बिताउन परेको थियो । यिनका पिताले यिनलाई पनि जागिरमा जाँदा आफूसँगै लान सक्ने अवस्था थिएन । यिनको पढाइ सुरु गर्नुपर्ने बेला भइसकेको थियो । यिनका बुबा छोराको पढाइमा बाधा आउने देखेर चिन्तित हुनुभयो । त्यसैले बुबाले यिनलाई माहिला गुरूज्यू हेमराज पाण्डेको संरक्षकत्वमा अध्ययनका लागि राखिदिनुभयो । हेमराज पाण्डे संस्कृत भाषाका प्रकाण्ड विद्वान हुनुहुन्थ्यो । यिनले यिनै गुरूसँग काठमाडौंमा बसेर पढ्न थाले ।

## प्रारम्भिक एवं माध्यमिक शिक्षा

सुरुमा डिल्लीरमणले संस्कृत नै पढे । उनी मेधावी छात्र थिए । यिनले १३ वर्षको उमेरमा संस्कृततर्फको प्रथमा परीक्षा उत्तीर्ण गरे । त्यसपछि यिनी रानीपोखरीनेरको दरबार हाइस्कुलमा भर्ना भए ।




उनले यहाँ पाँच वर्षसम्म अङ्ग्रेजी पढे । त्यति बेलासम्म नेपालबाट नै म्याट्रिक अर्थात् एस. एलसी.को परीक्षा दिन पाउने व्यवस्था भइसकेको थिएन । त्यसैले यिनले भारतको पटनाबाट सन् १९३२ मा प्रथम श्रेणीमा म्याट्रिक परीक्षा उत्तीर्ण गरे । त्यति बेला उनी १९ वर्षका थिए । दरबार स्कुलमा पढ्दा उनका सहपाठीहरूमा टङ्कप्रसाद आचार्य, सूर्यप्रसाद उपाध्याय लगायत अन्य राणा परिवारका नर शमशेर, किरण शमशेर, विजय शमशेर जस्ता साथीहरू पनि थिए । त्यति बेला नेपालमा राणाहरूको एकतन्त्री हुकुमी शासन चलेको थियो । ती राणा साथीहरूलाई उनका अरू साथीहरूले चौपट्टै सम्मान गनुपर्थ्यो । उनीहरू यी राणा साथीहरूसँग भेट हुँदा शिर झुकाएर 'हजुर ! सरकार !' भन्ने गर्थे तर रेग्मी भने राणाहरूलाई वास्तै गर्दैनथे । त्यस समयमा म्याट्रिक पास गर्नेहरूले श्री ३ महाराजको दरबारमा जानुपर्थ्यो । झुकेर स्वस्ति गर्दै रुपैयाँ राखेर ढोग्नुपर्थ्यो । तर रेग्मी भने महाराजलाई नमस्कार गरेर मात्र फर्केका थिए ।

उनी बाल्यकालदेखि नै हक्की स्वभावका थिए । उनमा डर, त्रास तथा दास मनोवृत्तिको भावना पटक्कै थिएन । उनी अरूका कुरामात्र सुन्नुभन्दा अरूले पनि उनका राम्रा कुरा सुन्नुपर्छ । राम्रा विचार स्विकार्नु पर्दछ भन्ने मान्यता राख्दथे ।

## उच्च शिक्षा

१९९० सालमा २० वर्षको उमेरमा उनको विवाह भएको थियो । उनकी जीवन सँगिनी कान्छा गुरूज्यू विश्वराज पाण्डेकी काहिँली छोरी थिइन् । तिनको नाम कल्याणी पाण्डे थियो । डिल्लीरमणसँग विवाह हुँदाको समयमा तिनी मात्र १२ वर्षकी थिइन् । त्यसताका सानै उमेरमा विवाह गर्ने प्रचलन थियो । यसै साल आएको भुइँचालोले काठमाडौंका धेरै मानिसलाई बिचल्लीमा पारेको थियो । काठमाडौंका ठुला ठुला घरहरूका साथै धरहरा समेत भत्किएको थियो । बिचल्लीमा परेका मानिसहरूको उद्धार गर्न यिनले स्वयंसेवीहरूको एउटा मित्र मण्डली बनाए । यस पुनीत कार्यबाट यिनमा रहेको परोपकारी भावना र नेतृत्वशाली व्यक्तित्वको झलक पाइन्छ ।



प्रथम श्रेणीमा म्याट्रिक परीक्षा उत्तीर्ण गरेकाले यिनी उच्च शिक्षा प्राप्त गर्न उत्साहित भए । यिनले त्रिचन्द्र कलेजमा आई.ए अध्ययन गरे । यसैताका उनका पिताको पनि देहान्त भयो । आमा र बुबा दुवैको मृत्युले उनी बेसहारा जस्तै भए । घरव्यवहार हेर्ने या पढाइमा ध्यान दिनेमध्ये कुन रोज्ने भन्ने बारेमा उनी द्विविधामा परे । अन्ततः उनले पढाइलाई नै सर्वोपरि महत्त्व दिए ।



उनी पढ्नका लागि पटना गए । यिनले सन् १९३६ मा पटना विश्व विद्यालयबाट अनर्ससहित अर्थशास्त्रमा स्नातक तह उत्तीर्ण गरे । यसपछि यिनले यसै विश्वविद्यालयबाट सन् १९३८ मा अर्थशास्त्र विषयमा स्नाकोत्तर तह (एम.ए.) उत्तीर्ण गरे । बिदाको समयमा यिनी काठमाडौं आउने जाने गर्थे ।



त्यसपछि फेरि उनले सन् १९४० मा मद्रास विश्वविद्यालयबाट एम. लिट. गरे । त्यति बेला यिनी २७ वर्षका थिए । मद्रास विश्वविद्यालयबाट एम.लिट (Master of Literature) गरेको फलस्वरूप उनी विदेशबाट यस तहको उपाधि प्राप्त गर्ने पहिलो नेपालीका रूपमा चिनिन्छन् । उनको अनुसन्धानको विषय "भारतमा मादक पदार्थ नियन्त्रण र यसको आर्थिक पक्ष" थियो । यसपछि यिनले पटना विश्वविद्यालयबाटै सन् १९६१ मा अर्थशास्त्रमा पी.एचडी अर्थात् विद्यावारिधि उपाधि हासिल गरे । उनले "विहार प्रान्तको औद्योगिक विकास" भन्ने शीर्षकमा अनुसन्धान गरी शोधप्रबन्ध तयार पारेका थिए । यसपछि मात्र यिनको नामको अगाडि डाक्टर अर्थात् डा. थपियो । पुनः यसै विश्वविद्यालयबाट यिनले सन् १९६५ मा डी. लिट अर्थात् महाविद्यावारिधि उपाधि प्राप्त गरे । यसैको फलस्वरूप उनलाई उक्त विश्वविद्यालयले सर्वोच्च डिग्री प्राप्त गर्ने पहिलो नेपालीको पहिचान दिएको थियो । यसै गरी तत्कालीन सोभियत संघले यिनलाई "मानार्थ डक्टर अफ साइन्स" को मान र इज्जत पनि प्रदान गरेको थियो । यसरी उनी रूसको तास्कन्द विश्वविद्यालयबाट डी. एस्सी. उपाधि प्राप्त गर्ने प्रथम नेपालीका रूपमा चिनिए ।






# राजनीतिमा सक्रियता

## भारतको स्वतन्त्रताका लागि क्रियाशील

'विद्या निष्फल त्यसको भो जो छैन देशसेवक' अर्थात् जसले देशको सेवा गर्दैन, उसले पढ्नुको कुनै अर्थ छैन । यो कुरा अध्ययनशील छात्र रेग्मीले भलीभाँतीसँग बुझेका थिए । उनले नेपालका राणा र भारतको अङ्ग्रेज सरकार निरङ्कुश र स्वेच्छाचारी रहेको तथ्य राम्ररी मनन गरेका थिए । अङ्ग्रेजहरूको तलुवा चाटेर नै राणा शासन टिकेको तथ्यसँग उनी परिचित थिए । उनले यी दुवै शासकको पतन हुनैपर्छ भन्ने मान्यता बोकेका थिए । यही क्रममा उनी भारतमा पढ्दै गर्दा त्यहाँको अङ्ग्रेज सरकारका विरूद्धमा आन्दोलन चलिरहेको थियो । पटना विश्वविद्यालयमा पढ्दै गर्दा नै यिनी विद्यार्थी राजनीतिमा संलग्न भएका थिए । यसै कारण उनले सन् १९३७ देखि १९४० सम्म अखिल भारत विद्यार्थी संघका संस्थापक सदस्यको जिम्मेवारी वहन गरेका थिए । उनी भारतीय नेता महात्मा गान्धीको अहिंसात्मक आन्दोलनबाट प्रभावित भए । परिणाम स्वरूप गान्धीकै नेतृत्वमा सञ्चालित भारतीय स्वतन्त्रता सङ्ग्राममा सहभागी भए । निरङ्कुश अङ्ग्रेज सरकारलाई यो कुरा असह्य भयो । उसले यिनलाई पटकपटक पक्राउ गऱ्यो र जेलमा हालिदियो । रेग्मीले ५ वर्षसम्म बनारस र लखनउ जेलमा खुब कष्टका साथ दिन बिताए । उनीमाथि राजनीतिक अपराधको आरोप लगाइयो । गोर्खापल्टन भड्काएको र सुवासचन्द्र बोससँग सम्पर्क राखेको आरोपमा अङ्ग्रेज सरकारबाट उनीमाथि मुद्दासमेत चलाइयो । झन्डै प्राण दण्डको सजाय हुने भएको थियो । तर यसो हुन भने पाएन । १२ वर्षको सजाय



तोकेर नेपालका राणा सरकारलाई सुम्पिने कुरा हुँदै थियो । यसै अवस्थामा उनी सिकिस्त बिरामी परे । उनकी श्रीमती कल्याणी रेग्मी उनलाई जेलमा भेट्न जाँदा हृदय गति बन्द भई लखनउमै परलोक भइन् । यति बेलासम्म तिनको कोखबाट क्रमशः शान्ति, इन्दु र सोफिया गरी तीन छोरीहरू र एक छोरा मदन रेग्मी जन्मिसकेका थिए । डा. डिल्लीरमणले आफूले जस्तै आफ्ना सन्तानले पनि शैशव कालमै मातृवियोग सहनुपर्‍यो भन्ने ठाने । यस्तो पीडाले उनको स्वास्थ्यमा झन् प्रतिकूल असर त पार्‍यो नै, तैपनि आँसु पिएरै बसे । अन्ततः पाँच वर्षे जेल भुक्तान पछि २००३ सालमा उनी लखनउ जेलको कालकोठरीबाट मुक्त भए । उनी राणा शासकका लागि पनि आँखाको कसिङ्गर बनिसकेका थिए । राणाका सिपाहीहरूले उनलाई भेट्नासाथ मार्न सक्थे । त्यसैले उनले आमाविनाका टुहुरा छोराछोरीलाई नेपालमा आएर भेट्न पनि पाएनन् ।



यसबिच उनले महात्मा गान्धी, जवाहरलाल नेहरू, सुवासचन्द्र वोस, राजेन्द्र प्रसाद, रफी अहमद, किदवाइ जस्ता विशिष्ट नेताहरूसँग राम्रो सम्बन्ध स्थापित गरे । यिनले नेपालमा पनि प्रजातन्त्र स्थापना गर्ने सोच बनाए । सन् २०४६ मा उनी जेलबाट त छुटे तर निरङ्कुश जहानियाँ राणा शासनबाट नेपाललाई मुक्त पार्ने सङ्कल्प भने उनको मनमस्तिष्कबाट छुटेन । त्यसैले यसका लागि पनि यिनीलगायत भारतमा रहेका विश्वेश्वरप्रसाद कोइराला, टङ्कप्रसाद आचार्य जस्ता नेपाली नेताहरू सङ्गठित हुँदै गए । उनीहरूले राणा विरोधी गतिविधि बढाउँदै लान थाले ।



## नेपालको स्वतन्त्रताका निम्ति सक्रियता

भनिन्छ, 'सङ्घे शक्ति कलियुगे' अर्थात् सङ्गठनमा नै शक्ति छ । त्यसमा पनि लाखौं नेपाली जनतालाई मुक्ति दिनका लागि त झन् मुक्तिकामीहरू एकजुट हुनैपर्थ्यो । यो कुरा भारतमा रहेका बुद्धिजीवी तथा विद्यार्थीहरूले बुझेका थिए । त्यसैले उनीहरू २००३ सालको माघमा कलकत्तामा जम्मा भए र सम्मेलन गरे । यसै सम्मेलनबाट नेपाली राष्ट्रिय काङ्ग्रेसको स्थापना भयो । यहाँबाट डा. रेग्मीले नेपाली राजनीतिक यात्राको थालनी गरे । उक्त सम्मेलनले यिनलाई प्रचाराध्यक्षको पदको जिम्मेवारी सुम्प्यो । उनी मन, वचन, कर्मले आफ्नो जिम्मेवारी पूरा गर्नतिर लागे । उनले भारतमा रहेका नेपाली विद्यार्थी, मजदुर, व्यापारी, कर्मचारी सबैमा राणाविरोधी सन्देश पुऱ्याए । सबैलाई क्रमशः गोलबन्द गर्दै गए । यसबिच २००४ सालमा बनारसमा भएको नेपाली राष्ट्रिय काङ्ग्रेसको अधिवेशनले यिनलाई सभापतिका रूपमा चयन गऱ्यो । यो कुरा जेलबाट भर्खरै छुटेका बीपी कोइरालालाई मन परेन । उनले आफू नै सभापति हुनुपर्ने अडान राखे । अधिवेशनबाट सभापति चुनिएका रेग्मीले यो कुरा मानेनन् । परिणामतः नेपाली काङ्ग्रेस दुई चिरामा बाँडियो । पुरानो नेपाली राष्ट्रिय काङ्ग्रेसका सभापति डिल्लीरमण भए । नवगठित नेपाली काङ्ग्रेसका सभापति बीपी कोइराला बने । दुवै काङ्ग्रेस राणा शासनको विरूद्धमा क्रान्ति गरेर नेपालमा प्रजातन्त्रको स्थापना गर्न त चाहन्थे नै । तर बाटो भने दुवैले फरक फरक लिए । रेग्मीले गान्धीको झैं अहिंसात्मक आन्दोलनको नेतृत्व गरे । बीपी कोइरालाले सशस्त्र क्रान्तिको अगुवाइ गरे । गान्धीवादीहरूले रेग्मीलाई सघाए । सुवासचन्द्र बोस आदि भारतीय नेताले कोइरालालाई हातहतियार उपलब्ध गराए । यसरी २००७ सालको क्रान्ति सफल पार्न दुवै नेताको विशेष भूमिका रहेको थियो । यसमा राजा त्रिभुवनको पनि विशेष साथ र सहयोग रहेको थियो । अन्ततः २००७ साल फाल्गुण ७ गते हुकुमी शासनको अन्त्य भयो । नेपालमा प्रजातन्त्रको स्थापना भयो ।



अब भने उनी नेपालमा आउन पाउने भए र आए पनि । उनले आमाविनाका टुहुरा आफ्ना लालाबालालाई उनीहरूकै मावलमा भेटे । यिनीहरूलाई सानीआमा नूतन कुमारी पाण्डेले स्याहारसुसार गरेको देखेर यिनले सन्तोषको सास फेरे । यिनै सन्तानको स्याहारसुसारका लागि २०१० सालमा यिनै साली नूतनसँग यिनले दोस्रो विवाह गरे । नूतनले पनि दिदीका सन्तानलाई नै आफ्ना छोराछोरी मानिन् । आफ्नो कोखबाट अरू सन्तान जन्माइनन् । यसपछि भने उनको पारिवारिक जीवनमा क्रमशः सुधार हुँदै आयो ।



२००७ साल फागुनमा दिल्लीमा राणा र क्रान्तिकारीका बिचमा सम्झौता भयो । आन्दोलन सफल भयो । नेपालमा १०४ वर्षदेखि चल्दै आएको हुकुमी राणा शासनको अन्त्य भयो । २००७ साल फागुन ७ गते देशमा प्रजातन्त्र आयो । राजा र प्रजा मिलेर शासन चलाउने परिपाटीको थालनी भयो । राजा त्रिभुवनको संरक्षकत्वमा, क्रान्तिकारी र राणाहरू मिलेर सरकार सञ्चालन गरे । मोहन शमशेरको प्रधानमन्त्रीत्वमा दश सदस्यीय मन्त्रीमण्डल बन्यो । सुरुको मन्त्रीमण्डलमा बीपी कोइराला मन्त्री बने तर डा. रेग्मी भने त्यसमा परेनन् । यसबिचमा पटक पटक मन्त्रीमण्डल गठन र पुनर्गठन भयो । संविधान सभाको निर्वाचन भई नयाँ संविधान नबनुन्जेलका लागि 'नेपाल अन्तरिम शासन विधान' लागु गरिएको थियो । सबै मन्त्रीमण्डले संविधानसभाको चुनावमा जोड त दिन्थे, तर राजाले भने यसलाई पन्छाउँदै आएका थिए । उनी 'संविधान सभा कि संसदीय निर्वाचन, कुन पहिला गर्ने' भन्दै चुनाव टार्दै थिए ।

२०१० साल फागुन ७ गते मातृका प्रसाद कोइरालाको नेतृत्वमा संयुक्त मन्त्रीमण्डल पुनर्गठन भयो । यसमा भने डा. रेग्मी मन्त्री बने । उनले परराष्ट्र, शिक्षा, स्वास्थ्य तथा स्थानीय स्वायत्त शासन मन्त्रालयसमेत सम्हाल्ने अवसर पाए ।



## असंलग्न परराष्ट्र नीतिका अभियन्ता

'जसै म कसैको नभएर जिउँछु, सधैँ सबैको म भएर जिउँछु' भने झैँ आफूलाई तटस्थ राख्नेलाई सबैले मन पराउँछन् । यो तथ्य देशको सन्दर्भमा पनि लागु हुन्छ भन्ने कुराको सोच डा. रेग्मीलाई थियो नै । आफू मन्त्री भएको बेला उनलाई आफूसँग भएको सोचसँगै सक्षमताको प्रयोग गर्ने अवसर पनि प्राप्त भयो । उनले नेपालको शिक्षा प्रणालीलाई आधुनिक पद्धतिबाट सञ्चालन गर्ने योजनाहरूको तर्जुमा गरे । यसको लागि उनले विभिन्न आयोगहरू गठन गरेका थिए । यिनकै समयमा नेपालमा विश्वविद्यालय स्थापना गर्ने योजना बनेको थियो । उनी परराष्ट्र मन्त्री भएकाले उनले विभिन्न देशहरूसँग नेपालको घनिष्ठ सम्बन्ध कायम गर्ने महत्त्वपूर्ण



कार्यहरू गरे । यसका साथसाथै उनले नेपाल चीनबिच दौत्य सम्बन्ध स्थापित गरेका थिए । यिनकै पालामा नेपाललाई संयुक्त राष्ट्र संघको सदस्यता दिलाउने प्रक्रिया अगाडि बढाइएको थियो । नेपालले विश्वका शक्ति राष्ट्रको पिछलग्गु हुनुहुँदैन । आफ्नो सार्वभौम सत्ताको रक्षा आफैँले गर्नुपर्छ । यसले स्वतन्त्र र तटस्थ राष्ट्रका रूपमा आफ्नो अस्तित्व कायम गर्नुपर्छ । यसका लागि नेपालको विदेश नीति असंलग्न प्रकृतिको हुनुपर्छ भन्ने कुरामा यिनले जोड दिए । उनको यस दूरदर्शी सोचको प्रशंसा राजा महेन्द्रले पनि गरेका थिए । उनले भनेका थिए, "डिल्लीरमण




रेग्मीले मन्दिरको जग बसाल्नुभयो मैले त गजुर मात्र थपेको हुँ ।" उनकै सोचअनुसार हालसम्म पनि नेपालले असंलग्न परराष्ट्रनीति अवलम्वन गर्दै आएको छ ।

यो मन्त्रीमण्डलले भन्डै दुई वर्षसम्म काम गर्ने मौका पायो । यसपछि २०१२ साल वैशाख १ गते गठित शाही सल्लाहकार समितिमा यिनी परेनन् । यसबिच हालसम्म

पनि राजाले कुनै निर्वाचन नगराएकाले डिल्लीरमणलाई असह्य भयो । त्यसैले यिनले आफ्नो पहलमा नेपाली राष्ट्रिय काङ्ग्रेस, नेपाली काङ्ग्रेस,नेपाल प्रजा परिषद्को संयुक्त मोर्चा बनाए । मोर्चाले आमनिर्वाचनको माग राखी सत्याग्रह गऱ्यो । सत्याग्रहकै दबाबका कारण राजा महेन्द्र निर्वाचन गराउन मन्जुर भए । यसपछि २०१५ साल जेठ २ गते सुवर्ण शमशेरको अध्यक्षतामा गठित मन्त्रीमण्डलमा यिनी गृहमन्त्रीका रूपमा रहे । यही मन्त्रीमण्डलले नेपालमा पहिलो आम निर्वाचन गरायो । उक्त निर्वाचनमा नेपाली काङ्ग्रेस अत्यधिक मत ल्याई विजयी भयो । त्यसैले यस दलका



नेता विश्वेश्वरप्रसाद कोइराला प्रधानमन्त्री बने । उनले २०१६ साल जेठ १३ गते २५ सदस्यीय मन्त्रीमण्डल गठन गरे । नेपालमा प्रजातान्त्रिक व्यवस्थाको थालनी भयो । तर दुःखको कुरा, यो जननिर्वाचित सरकारले दुई वर्ष पनि काम गर्न पाएन । राजा महेन्द्रले २०१७ साल पुस १ गते यस सरकारलाई अपदस्त गरे र सम्पूर्ण राज्यशक्ति आफ्नो हातमा लिए । सम्पूर्ण दलमाथि प्रतिबन्ध लगाए । त्यसैले यस दिनलाई नेपालको इतिहासमा कालो दिनका रूपमा लिइन्छ । उनले नेताहरूलाई पक्राउमात्र गरेनन्, झुटा मुद्दा लगाएर जेल सजाय पनि दिए । नेपालीका लोकप्रिय नेता बीपी कोइराला सुन्दरीजल जेलमा बन्दीजीवन बिताउन बाध्य भए । यसपछि राजा महेन्द्रले सम्पूर्ण अधिकार राजामा रहने गरी पञ्चायती व्यवस्था लागु गरे ।

## प्रजातन्त्र पुनर्प्राप्तिका लागि आजीवन सङ्घर्ष

भनिन्छ, सतिसाल बरु भाँचिन्छ तर लत्रिदैन । निष्ठाको राजनीतिमा रेग्मी पनि सतिसाल जस्तै खडा रहे । २०१७ सालमा निर्दलीय पञ्चायती व्यवस्था लागु भयो । राजा महेन्द्रले पुराना राजनेताहरूलाई विभिन्न पद र प्रतिष्ठा दिँदै पञ्चायती व्यवस्थामा भित्र्याउन थाले । कैयौँ नेताहरू भित्रिए पनि । राजाले डिल्लीरमणलाई नफकाएका पनि होइनन् । तर निष्ठाको राजनीति गर्ने डिल्लीरमणले यस व्यवस्थालाई कहिल्यै पनि समर्थन गरेनन् । उनले स्वतन्त्रता प्राप्तिलाई जीवनको एकमात्र लक्ष्य बनाएका थिए । त्यसैले उनले एकतन्त्रीय जहानियाँ शासन व्यवस्थाको अन्त्यका लागि आजीवन सङ्घर्ष गरेका थिए । अहिले त्यही रूपको निर्दलीय व्यवस्थाको समर्थन गर्न उनको नैतिकताले दिने कुरा पनि आएन । त्यसैले संसदीय प्रजातन्त्रको पुनःस्थापनाका लागि आफ्ना विचार व्यक्त गर्न उनी कहिले पनि पछि परेनन् । २०३६ सालको जनमतसङ्ग्रहमा बहुदलीय व्यवस्थाको रोजाइमा मतदान गर्न उनले सबैसित आग्रह गरे । संसदीय प्रजातन्त्रको पुनःस्थापनाका लागि २०४४ सालमा उनी निराहार र मौनव्रत पनि बसेका थिए । प्रजातन्त्रको पुर्नस्थापनाका लागि भएको २०४६ को जनआन्दोलनलाई नजरबन्दमै रहेर पनि उनले सशक्त प्रेरणा प्रदान गरेका थिए । यिनको जीवनको अन्तिम घडीमा नेपालमा माओवादी जनयुद्ध चर्किरहेको थियो । सरकारले माओवादीका विरूद्ध प्रहरी र सेना समेत परिचालन गरेको थियो । अहिंसावादी रेग्मीलाई यो कुरा पटक्कै मन परेन । उनले 'यो मोरे पनि त्यो मोरे पनि आखिर नेपाली नै हो' भन्दै वार्ताबाटै समस्याको समाधानमा जोड दिएका थिए । उनको यस किसिमको त्याग, तपस्या र अडानलाई महत्त्वपूर्ण कार्यका रूपमा लिँदै सबैले उनीप्रति सम्मान व्यक्त गर्दै आएका छन् ।



# अध्ययनशील लेखक

भनिन्छ, जो वर्तमानमा गहन अध्ययनशील हुन्छ ऊ भविष्यमा लेखक हुन सक्छ । डिल्लीरमणको जीवनमा पनि यो कुरा लागु भएको पाइन्छ । उनले सुरूमा कथा, कविता जस्ता सिर्जनात्मक विधामा कलम चलाए । यसपछि यिनले "नेपाली साहित्यको समालोचना" "सोर्स फर अ हिस्ट्री अफ नेपाल" जस्ता खोजमूलक आलेखहरू प्रकाशनमा ल्याए । त्यसपछि उनले माथि भनिएका शैक्षिक उपाधिका प्राप्तिका लागि गहन अध्ययन खोज अनुसन्धान गरे । यिनले डी.लिट. उपाधिका लागि "भारतमा मादक पदार्थको उत्पादन र यसको आर्थिक पक्ष" तथा महाविद्यावारिधिका लागि "बिहार प्रान्तको औद्योगिक विकास" शीर्षकमा खोज अनुसन्धान गरेका थिए । यीबाहेक अर्थशास्त्र विषयमै केन्द्रित पुस्तकहरू भने उनले लेखेको पाइँदैन ।




यिनको विषय अर्थशास्त्र भए तापनि लेखकीय दृष्टिले यिनको रूचिको विषय भने साहित्य, राजनीति, इतिहास र संस्कृति नै रहेका छन् । यी विषयहरूमा यिनका अनुसन्धानात्मक पुस्तकहरू प्रकाशित छन् । डिल्लीरमणभन्दा पहिले कुनै पनि नेपालीले यस किसिमका स्तरीय पुस्तकहरू लेखेका थिएनन् । नेपालका बारेमा नेपाली लेखकले लेखेका प्रामाणिक पुस्तकहरूका दृष्टिले यिनको ऐतिहासिक महत्त्व रहेको छ । यी पुस्तकहरूले नेपाललाई विश्वसामु परिचित गराउन महत्त्वपूर्ण भूमिका खेलेका छन् ।

भाषाका दृष्टिले डिल्लीरमणले हिन्दी र अङ्ग्रेजीसमेत दुई भाषामा आफ्नो लेखकीय अभिव्यक्ति प्रदान गरेका छन् । उनले नेपाली भाषा र साहित्यका बारेमा पुस्तक त लेखेका छन् तर ती नेपाली भाषामा भने छैनन् । यिनका पहिलो र दोस्रो किताब हिन्दी भाषामा नै प्रकाशित भएका छन् । यिनको शीर्षक क्रमशः *नेपाली भाषा और उसका साहित्य* र *आज के नेपाल की ऐतिहासिक पीठिका* हो । यी दुवै पुस्तकहरू सन् १९४७ मा वनारसमा छापिएका हुन् । यिनलाई डिल्लीरमण स्वयं अध्यक्ष भएको नेपाली राष्ट्रिय काङ्ग्रेसले नै प्रकाशित गरेको पाइन्छ। *नेपालको प्रजातान्त्रिक सङ्घर्ष (Nepali Democratic Struggl, 1948)* उनले अङ्ग्रेजी भाषामा लेखेको समसामयिक राजनैतिक विषयमा केन्द्रित पहिलो पुस्तक हो । नेपाली राष्ट्रिय काङ्ग्रेस वनारसकाट प्रकाशित यस पुस्तकका माध्यमबाट यिनले नेपालको प्रजातान्त्रिक आन्दोलनप्रति विश्वको ध्यान आकृष्ट गर्न खाजेको बुझिन्छ ।




डिल्लीरमण रेग्मीले अधिकांश पुस्तकहरू नेपालको इतिहासका बारेमा नै लेखेका छन् । यिनले नेपालको इतिहासलाई प्राचीनकाल, मध्यकाल र आधुनिक काल गरी तीन कालखण्डमा विभाजन गरेका छन् । यिनले तीनवटै कालखण्डका बारेमा खोज अनुसन्धान गरी प्रामाणिक पुस्तकहरू लेखेका छन् । *प्राचीन र मध्यकालीन नेपाल (Ancient and Medieval Nepal, 1952)* यिनको इतिहास सम्बन्धी पहिलो किताब

हो । यसको प्रकाशन नेपाली राष्ट्रिय [illegible] काठमाडौँबाट भएको देखिन्छ । *प्राचीन नेपाल* (*Anciant Nepal*, सन् १९६०) र *प्राचीन नेपालका अभिलेखहरू पहिलो दोस्रो र तेस्रो खण्ड- (Inscription of Ancient Nepal vol I, II and III* सन् १९८३) प्राचीन नेपालका बारेमा प्रकाशित यिनका महत्त्वपूर्ण कृतिहरू हुन् ।




यिनले मध्यकालीन नेपालका बारेमा लेखेका किताबमा *मध्यकालीन नेपाल : भाग १ र २ (Medival Nepal: Vol. 1 & 2, 1966)* मा महत्त्वपूर्ण रहेका छन् ।

यसै गरी यिनले लेखेका *आधुनिक नेपाल: भाग १ र २, १९६१ (Modern Nepal: Vol 1 & 2, 1961)* मा सन् १७४० देखिका ऐतिहासिक घटनाहरू समाविष्ट छन् ।

यसका अतिरिक्त *wither Nepal, 1952* र *A Century of Family Autocracy in Nepal, 1950* यिनका नेपालको राजनीति इतिहासमा केन्द्रित पुस्तकहरू हुन् ।

यिनले नेपालको इतिहासका बारेमा जे लेखे सप्रमाण लेखे । यसका लागि यिनले काठमाडौं उपत्यकाका विभिन्न मठमन्दिर एवं गुम्बाहरू चहारे । यहाँका अभिलेख एवं पुरातात्विक सामग्रीहरूको अध्ययन गरे । ऐतिहासिक सामग्रीकै खोजमा यिनले नेपालका कयौं स्थानहरूको भ्रमण पनि गरे । यिनले ऐतिहासिक, पुरातात्विक सामग्रीहरू कति धेरै सङ्कलन गरे भने यसबाट संङग्रहालय नै बन्न पुग्यो ।




समग्रमा इतिहास र संस्कृति कुनै पनि देशको अस्तित्व हो, परिचायक हो । विदेशीले लेखेको इतिहास र संस्कृतिमा स्वदेशी सुवास र आस्था भेटिदैन । अतः नेपाली इतिहास र संस्कृतिलाई नेपाली भावनाले छुँदै गहन एवं तथ्यपरक पुस्तक लेखनलाई रेग्मीको मुख्य योगदानका रूपमा लिइन्छ ।

# परोपकारी भावना र काम

भनिन्छ, 'परोपकार नै सज्जनको गहना हो ।' सधैं समाज, देश र विश्वको भलो चाहने रेग्मी एक सच्चा समाजसेवी थिए । उनी मन वचन र कर्मले समाज सेवामा लागिपरेका थिए । यिनकै पहलमा खोलिएका 'नेपाल विश्व शान्ति समिति', 'नेपाल अफ्रो एसियाली जनएकता समिति' यसका उदाहरण हुन् । त्यसै गरी यिनकै अध्यक्षतामा गठित 'अन्तर्राष्ट्रिय शान्ति समझदारी प्रवर्द्धन समिति', 'गान्धी अन्तर्राष्ट्रिय केन्द्र', 'गौतमबुद्ध प्रतिष्ठान' जस्ता संस्थाको मूल उद्देश्य पनि विश्वकल्याण नै रहेको थियो । त्यति मात्र नभई यिनले २०३७ सालमा आफ्नो करोडौं मूल्यको घर र विभिन्न सामग्रीहरू समेतको पुस्तकालय सरकारलाई दिने



भनेर घोषणा गरे । सोही सालमा उनले पच्चिस हजारभन्दा बढी पुस्तक तथा सङ्ग्रहालय सहितको पुस्तकालय नेपाल सरकारलाई दिने गरी शेष पछिको बकस पत्र गरी दिए ।

## पुस्तकालय एवं सङ्ग्रहालय

काठमाडौँ सहरको मध्य भागमा अवस्थित लाजिम्पाटको ज्ञानोदय आश्रममा डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालय सञ्चालनमा रहेको छ । २०५८ साल भाद्र १४ गते डा. डिल्लीरमणको निधन भएपछि उहाँकै इच्छाअनुसार नेपाल सरकार, शिक्षा मन्त्रालयद्वारा 'डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालय विकास समिति गठन आदेश २०६०' जारी भयो । सोहीअनुसार उक्त पुस्तकालय तथा सङ्ग्रहालय सञ्चालन र व्यवस्थापनका लागि ७ सदस्यीय सञ्चालक समितिको व्यवस्था गरियो । त्यसपछि २०६१ साल पौष ३ गतेबाट सर्वसाधारणले अध्ययन, अनुसन्धान र अवलोकन गर्न पाउने गरी पुस्तकालय एवं सङ्ग्रहालय खुल्ला गरिएको छ ।



'म खाऊँ मै लाऊँ' भन्दै आफू र आफ्ना सन्ततिका लागि अकुत धन जम्मा गर्ने होड चलेको अहिलेको समयमा उनको यस कामको प्रशंसा जति गरे पनि कमै हुन्छ । यी सबै सत्कार्य उनीभित्रको परोपकारी भावनाका ज्वलन्त उदाहरण हुन् ।






आफ्नो घर आँगनमा महात्मा गान्धीको मूर्तिका अतिरिक्त बौद्ध स्तुपको निर्माण पनि यिनी भित्रको अहिंसा र परोपकारी भावनाको परिचायक हो । यस्तै यस्तै

परोपकारी गुणी व्यक्तिहरू आफनो मृत्युपर्यन्त निस्वार्थ भावनाले निरन्तर महत्त्वपूर्ण योगदान गर्ने गर्दछन् । यसको फलस्वरूप ती व्यक्तित्वहरू यो संसारमा सदाको लागि बन्दनीय र प्रशंसनीय हुन्छन् । त्यसैले पनि डा. रेग्मी उदारमना, महादानीका रूपमा अविस्मरणीय बनेका छन् ।

## डा. डिल्लीरमण रेग्मी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय शान्ति पुरस्कार

यिनी 'धर्म नै सेवा हो । सेवा नै धर्म हो ।' भन्ने गर्थे । उनको यही सोचलाई डा. डिल्लीरमण ट्रस्टका साथै डिल्लीरमण - कल्याणी रेग्मी स्मारक पुस्तकालयले पनि हालसम्म पनि पछ्याइआएको छ । पुस्तकालयले डिल्लीरमणकै सम्मानमा उनकै इच्छाअनुरूप २०६३ सालमा डा. डिल्लीरमण रेग्मी अन्तर्राष्ट्रिय शान्ति पुरस्कारको





स्थापना गरेको छ । यसबाट हालसम्म नेल्सन मन्डेला, महात्मा गान्धी, जिम्मी कार्टरलगायत झन्डै एक दर्जनजति अन्तर्राष्ट्रिय समाजसेवीहरू पुरष्कृत भइसकेकम छन् । यसै गरी पुस्तकालयले यिनकै नाममा २०६३ सालमा नै 'डा. डिल्लीरमण रेग्मी राष्ट्रिय शान्ति पुरस्कार' स्थापना गरेको छ । यसबाट जिउँदा सहिद रामहरि शर्मा, संस्कृतविद् सत्यमोहन जोशी, महावीर पुनको राष्ट्रिय आविष्कार केन्द्र आदि पुरस्कृत भईसकेका छन् । यसक्रमले निरन्तरता पाउँदै आएको छ ।

# मान, सम्मान र प्रतिष्ठा

जे रोपिन्छ, त्यही फल्छ भने झैं मानिसले जस्तो काम गर्छ, ढिलो चाँडो त्यस्तै फल पाउँछ । जीवनभर देश, समाज, र विश्व कल्याणका लागि समर्पित रेग्मीलाई समाजले पनि सोहीअनुसार सम्मानित गरेको देखिन्छ । यसक्रममा उनलाई वि.सं. २०४७ साल पौष ७ गते उनको ७६ औं जन्मोत्सवको अवसर पारेर उनको योगदानको उच्च मूल्याङ्कन गर्दै जनस्तरबाट उनको नागरिक अभिन्दन गरिएको थियो ।


त्यसरी नै ७९ औं जन्मोत्सवको अवसरमा नेपाल राजकीय विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठानबाट २०४९ साल पौष ४ गते उनको अभिनन्दन गरिएको थियो । यसै गरी नेपाल पुस्तकालय संघको तर्फबाट २०४९ सालमा उनलाई सरस्वती राष्ट्रिय



पुरस्कारबाट सम्मानित गरिएको थियो । २०५० सालमा उनको ८० औं जन्मदिनको अवसरमा उनलाई बुद्ध गान्धी तथा अन्तर्राष्ट्रिय शान्ति र समझदारी प्रवर्द्धन केन्द्रको तर्फबाट शुभकामना र सम्मानपत्र प्रदान गरिएको थियो । यसरी नै द नेसनल

फेडेरेसन अफ युनेस्को क्लब इन नेपाल नामक संस्थाले यिनलाई १९९४ नोभेम्बर ४ मा युनेस्को पिस प्राइज प्रदान गरेको थियो । त्यसै गरी नेपाल राष्ट्रिय अनिन्दन समिति, जे.पी. प्रतिष्ठान, नेपाल अनुब्रत समिति, त्रिभुवन विश्वविद्यालय, पुष्पलाल स्मृति प्रतिष्ठान, नेपाल राजनीतिशास्त्र संघ, नेपाल इतिहास संघ आदि कयौँ संघ


नेपाल पुस्तकालय संघ


THE NATIONAL FEDERATION OF UNESCO CLUBS IN NEPAL

Kathmandu, Nepal

NEPAL UNESCO PEACE PRIZE

In recognition of his contribution to the promotion of World Peace and International understanding the National Federation of UNESCO Clubs in Nepal awards **NEPAL UNESCO PEACE PRIZE** to **Dr. Dilli Raman Regmi**, a freedom fighter, an eminent historian, doyen of politicians and a leading intellectual of the country.

Nov. 4, 1994

संस्थाबाट यिनको विद्वता, सेवाभाव, राजनैतिक निष्ठा, दानशीलताको कदर गर्दै यिनको सम्मान गरिएको छ । त्यस्तै नेपाल सरकारले यिनको चित्रको हुलाक टिकट प्रकाशन गरेको छ । यिनका योगदानका बारेमा कैयौँ शोधपत्रहरू लेखिएका छन् भने विद्यावारिधि तहसम्मको अध्ययन भएको छ ।






# अन्त्यमा

जो जन्मन्छ, उसको मृत्यु हुन्छ । यो शाश्वत सत्य हो । यस सत्यलाई आजसम्म कसैले पनि नकार्न सकेको छैन । डा. रेग्मीले पनि यही सत्यलाई स्विकारे । उनी धेरै पहिलेदेखि नै मुटुलगायत विभिन्न रोगबाट ग्रसित थिए । स्वदेश तथा विदेशमा पनि पटक पटक रोगको उपचार हुँदै आएको थियो । अन्तिमपल्ट २०५८ को भदौ १० गते यिनलाई मुटुको रोगले च्याप्यो । यिनलाई तत्काल नर्भिक अस्पतालमा भर्ना गरियो । डाक्टरहरूले बचाउनका लागि प्रशस्त प्रयत्न गरे नै तर प्रकृतिको अगाडि यिनको केही सिप लागेन । अन्तत २०५८ साल भाद्र १४ गते बिहीबार बिहान १० बजे डा. रेग्मी सदाका लागि हामीबाट बिदा भए ।



उनको भौतिक शरीर हामीबिच छैन । तर उनका सत्कार्यबाट भने हामी कहिले पनि विमुख हुन सक्दैनौँ । उनी एक सच्चा दूरदर्शी नेता, स्पष्ट विचारका विद्वान्, आजीवन देश र विश्वको भलो चाहने समाजसेवी, अहिंसाका पुजारी, दानवीर व्यक्तित्वका रूपमा हाम्रो मनमा बसेका छन्, बसिरहने छन् ।

अनुसूची

## डा. डिल्लिरमण रेग्मी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय शान्ति पुरस्कार

(क) **डा. डिल्लीरमण रेग्मी राष्ट्रिय शान्ति पुरस्कार** नेपालको विकास एवं शान्तिका लागि पुऱ्याएको महत्त्वपूर्ण योगदानको कदर गर्दै रू. १ लाख नगदसहित सम्मान-पत्रबाट सम्मानित गर्ने गरिएको छ । अहिलेसम्म राष्ट्रिय पुरस्कारबाट सम्मानित हुनुहुने महानुभावहरूः

- जिउँदा शहिद रामहरि शर्मा, २०६४
- पूर्व प्रधानमन्त्री पुष्पकमल दाहाल, २०६५
- पण्डित दीनबन्धु पोखरेल र विश्वसाइकल यात्री पुष्कर शाह (संयुक्त) २०६६
- पूर्वप्रधानमन्त्री द्वय गिरिजाप्रसाद कोइराला (मरणोपरान्त) र माधवकुमार नेपाल (संयुक्त), २०६८
- संस्कृतिविद् सत्यमोहन जोशी, २०७०
- इतिहासविद् प्रा.डा. तुलसीराम वैद्य, २०७२
- संस्कृति तथा पुरातत्वविद् श्री हरिराम जोशी, २०७४
- महावीर पुनको राष्ट्रिय आविष्कार केन्द्र, २०७६
- वुद्ध धर्म एवं दर्शनका प्रचारक डा. अनोजा गुरूमाँ, २०७८

(ख) **डा. डिल्लीरमण रेग्मी अन्तर्राष्ट्रिय शान्ति पुरस्कार** नेपाल तथा विश्वमा विकास एवं शान्ति प्रवर्द्धनमामा महत्त्वपूर्ण योगदान पुऱ्याउने व्यक्ति तथा संस्थालाई मायाको चिनो बुद्धका मूर्ति तथा सम्मान पत्रबाट सम्मानित गर्ने गरिएको छ । हालसम्म अन्तर्राष्ट्रिय पुरस्कारबाट सम्मानित हुनुहुने महानुभावहरू तथा संस्थाहरू :

- दक्षिण अफ्रिकाका पूर्वराष्ट्रपति नेल्सन मन्डेला, सन् २००६
- भारतका महान नेता महात्मा गान्धी, सन् २००७

- अमेरिकी पूर्व राष्ट्रपति जिम्मी कार्टर, सन् २००८
- स्वीस नागरिक टोनी हेगन, सन् २००९
- संयुक्त राष्ट्रसंघका महासचिव बानकी मुन, सन् २०११
- म्यान्मारकी प्रजातन्त्रवादी नेतृ आङ साङ सुकी, सन् २०१३
- रूम टु रिडका संस्थापक अध्यक्ष अमेरिकी नागरिक जोन उड्, सन् २०१५
- युनेस्को सन् २०१७
- रिड नेपाल तथा रिड ग्लोबलका संस्थापक डा. ऐण्टोनिया न्यूवर सन् २०१९
- भारत सिक्किमका पूर्व मुख्यमन्त्री पवन चामलिङ, सन् २०२१



म्यान्मारकी प्रजातन्त्रवादी नेतृ आङ साङ सुकीलाई
डा. डिल्लीरमण रेग्मी अन्तर्राष्ट्रिय शान्ति पुरस्कारबाट सम्मान गरिँदै ।






डा. डिल्लीरमण कल्याणी रेग्मी स्मारक पुस्तकालय परिसर

## पुस्तकालय खुल्ने र बन्द हुने समयः

आइतबारदेखि बिहीबारसम्म-बिहान १०:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म र शुक्रबार १०:०० बजेदेखि बेलुकी ३:०० बजेसम्म । साथै कार्तिक १६ गतेबाट माघ १५ गतेसम्म बिहान १०:०० बजेदेखि बेलुकी ४:०० बजेसम्म र शुक्रबार बिहान १०:०० बजेदेखि बेलुकी ३:०० बजेसम्म ।




डा. डिल्लीरमण कल्याणी रेग्मी स्मारक पुस्तकालय प्रस्तावित भवन


## डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालय विकास समिति

ज्ञानोदय आश्रम, लाजिम्पाट, काठमाडौं, नेपाल

फोन नं.: ०१ ४४१००२२, ४००१६७५

इमेलः dkrmlibrary2003@gmail.com

वेबसाईटः https://drkrmlibrary.org/


9 789937 839747